बैठक संख्या:

श्री:

आज मिति २०७७ साल जेष्ठ १६ गते दिउसो २:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री, वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (॥हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या | सदस्य-सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| २९. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३० | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३१ | | कृष्ण वहादुर थापा क्षेत्री | सहायक पाँचौ |

Scanned with CamScanner

**प्रस्तावहरु:**

१. कोरोना भाइरस (कोभिड-१९) सतर्कता सम्बन्धमा ।
२. सबै वडाहरुमा क्वारेन्टाईन निर्माण सम्बन्धमा ।
३. आईसोलेसन सम्बन्धमा ।
४. आय-व्यय सम्बन्धमा ।
५. रकमान्तर सम्बन्धमा ।
६. कक्षा-८ को परिक्षा सम्बन्धमा ।
७. योजना छनौट सम्बन्धमा ।
८. समपुरक कोष सम्बन्धमा ।
९. नमूना विद्यालयलाई अनुदान सम्बन्धमा ।
१०. नमूना विद्यालय साझेदारी सम्बन्धमा ।
११. प्रधानमन्त्री स्वरोजगार कार्यक्रम सम्बन्धमा ।
१२. विविध सम्बन्धमा ।
  (क) मेशीनरी औजार कम्प्यूटर खरिद सम्बन्धमा ।
  (ख) घाँस विकास कार्यक्रम सम्बन्धमा ।

*निर्णय नं. १:*

प्रस्ताव नं. १ माथि छलफल गर्दा नोभेल कोरोना भाइरस COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले छैटौ चरण २०७७ जेष्ठ २० गते सम्म लकडाउन गरेकोले सो अवधि सम्मका दिनहरुमा आ–आफ्नो वडा बासीहरु तथा नगरबासी सबैलाई लकडाउन पूर्ण पालना गर्नमा सहयोग पुर्‍याई निम्नानुसार गर्ने/गराउने निर्णय गरियो ।

तपशिल

- यस नगरपालिका भित्र संघीय सरकार, प्रदेश सरकारबाट समयमा नै सम्पन्न गर्नु पर्ने कार्यक्रम तथा आयोजना निर्माणका कार्यहरुमा भीडभाड नहुने, माक्स र स्यानिटाइजरको प्रयोग गर्ने र कामदारहरु बीच न्यूनतम १ मिटरको भौतिक दूरी कायम हुने गरी कार्य थालनी गर्न सहजीकरण गर्ने ।
- नगरपालिकाबाट आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन गर्नु पर्ने संवेदनशील एवम वर्षादको समय भन्दा अघि नै सम्पन्न गर्नु पर्ने आयोजना तथा कार्यक्रमलाई संचालन गर्न सम्बन्धित वडाहरुले व्यवस्था मिलाउने ।
- अत्यावश्यक काममा वाहेक सवारीपास विना जथाभावि गुडिरहेका सवारीसाधन ( मोटरसाईकल) लाई सञ्चालनमा रोक लगाउने ।
- सवै राजनैतिक दलहरुले आम नागरिकलाई वन्दावन्दीको पालना गर्न र COVID-19 बाट बाच्न र बचाउन आह्वान गर्दै संयुक्त रुपमा विज्ञप्ती जारी गर्ने ।
- वडा कार्यालयले सबै टोल विकास संस्थाहरु लाई वन्दावन्दीको पालना गराउन परिचालन गर्ने ।
- विपन्न वर्ग लाई रोजगारी मुलक राहतको लागि नामावली संकलन गर्न सूचना आह्वान गर्ने ।

Scanned with CamScanner

- उद्योग वाणीज्य संघ र स्थानीय वजार विकास समितिको पहलमा उपप्रमुखज्यूको सहभागितामा बजार अनुगमन गर्ने कार्यलाई प्रभावकारि बनाउने ।
- ८४ वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकलाई नगरपालिकाबाट सञ्चालित एम्वुलेन्समा नगरक्षेत्र भित्र एम्वुलेन्सले लिईदै आएको रमम छुट गर्ने ।
- पशुपालक कृषकहरुलाई बर्षे सुपर नेपियर घाँसको वेर्ना वितरण गर्ने ।
- COVID-19 को व्यवस्थापनमा खटिनुभएका जनप्रतिनिधी, कर्मचारी र एम्बुलेन्स चालकको कोरोना विमाको व्यवस्था मिलाउने ।

*निर्णय नं. २:*

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाबाट वैदेशीक रोजगारको लागि भारतमा कार्यरत रहदै आउनु भएकोमा हाल COVID-19 का कारणबाट दिनानुदिन घर पर्कि आउने क्रम जारी रहेकोले संक्रमित क्षेत्रबाट यस नगरमा प्रवेश गर्दा अन्य व्यक्तिहरुमा संक्रमण हुन नपाओस भनि पूर्व सतर्कता अपनाउन भारतबाट यस नगरक्षेत्र भित्र प्रवेश गर्ने जो कोही नागरिकलाई पनि अनिवार्य रुपमा क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाउन सबै वडा अर्न्तगतका विद्यालयहरुमा पायक पर्ने गरी एक/एक वटा क्वारेन्टाइन निर्माण गरिएका र सो निर्माण कार्यमा लाग्ने खर्च प्रकोप व्यवस्थापन कोषबाट गर्ने गरी हाल सबै वडा कार्यालयलाई पेश्की उपलव्ध गराउने निर्णय गरियो ।

*निर्णय नं. ३:*

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नोभेल कोरोना भाइरस COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि हाल संक्रमण फैलिदो अवस्थामा रहेकोले यस नगरक्षेत्र भित्रका स्थानीय वासिन्दामा आर.डि.टि/पि.सी.आर (RDT/PCR) टेष्टबाट नतिजा पोजेटिभ (POSITIVE) देखिएमा निजहरुलाई आईसोलेसनमा राखी स्वास्थ्य उपचार गर्नु पर्ने भएकोले यस नगरपालिकाको पायक पर्ने स्थानमा आईसोलेसन निर्माण गर्ने र सो निर्माण कार्यमा लाग्ने खर्च तत्काल प्रकोप व्यवस्थापन कोषबाट गरी प्रदेश सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

*निर्णय नं. ४:*

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रकोप व्यवस्थापन कोषमा हाल सम्म प्राप्त भएको नगद तथा जिन्सी आय-व्ययको विवरण देहायवमोजिम जानकारी लिईयो ।

तपशिल

| क्र.सं. | विवरण | नगद रु. | विवरण | खर्च रकम रु. |
|---|---|---|---|---|
| १. | प्रकोप व्यवस्थापन कोष | १०००००.० | कर्मचारी पेश्की | १५००००.० |
| २. | सहयोग संकलन | ३२२१९२६.० | जिमिरेभार ट्रेडर्स | १९६०८८२.० |
| ३. | प्रदेश सरकार | १५०००००.० | झरना डिजिटल छपाई | २२६४५.० |
| ४. | रकमान्तर | ५००००००.० | क्वी ईन्टरनेसनेल | ३३६५८८.० |
| ५. | | | समुन्द्र मेडिको फार्म | १०९७९०.० |
| ६. | | | सुविधा ट्रेडर्स | १०८४३८.० |
| ७. | | | ह्यात मेडिको डिष्ट्रीव्युटर्स | २९९९९८.० |
| ८. | | | गैह्रे सोप एण्ड क्लिनर | ५०६६१.० |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | ईन्डष्ट्रिज | |
| ९. | | | रुरु गंगा जनरल स्टोर्स | ९३५६७.० |
| १०. | | | सवारी भाडा (पैदलयात्रु) | २६१२००.० |
| ११. | | | न्यू सुवेदी ट्रेडर्स | १४१६८८१.० |
| १२. | | | धुर्वतारा ट्रेडर्स | ९६८१११.० |
| १३. | | | न्यू भिजन मिडिया | १८०००.० |
| १४. | | | एम्बुलेन्स खर्च | ११५००.० |
| १५. | | | पैदल यात्रु खाना वनाउने ज्याला खर्च | २९२७०.० |
| १६. | | | पैदल यात्रु यातायात खर्च | २४०००.० |
| १७. | | | बुटवल मिडिया प्रा.लि | १५०००.० |
| १८. | | | माकर बहुमुखी कृषि सहकारी संस्था | १००००००.० |
| १९. | | | मधुवन बहुउद्धेश्यीय सहकारी संस्था | ५०००००.० |
| २०. | | | महोमद राईस मिल | ४७५०००.० |
| २१. | | | पैदल यात्रु खाना/नास्ता तरकारी | १२०३०.० |
| २२. | | | फिसटेल सप्लायर्स | ११००१३.० |
| २३. | | | सृजनशिल बिउ बैंक | ५०००००.० |
| २४. | | | रोयल कटेज प्रा.लि | २५०२९५.० |
| २५. | | | आर्वर्स सर्जिकेम | ४०७१५.० |
| २६. | | | सुर्य मेडिसेल प्रा.लि | २७२००.० |
| २७. | | | अन्सारी सिरक डसना | १५०००.० |
| २८. | | | विशेष ईन्टिरियर एण्ड मोडुलर किचेन | ४५२९.० |
| २९. | | | देवराली पूजा सामाग्री पसल | ३१५११.० |
| ३०. | | | चिसापानी अस्पताल | ३३९००.० |
| ३१. | | | बाल्मिकी मा.वि. | १५९९५.० |
| | जम्मा | १०७२१९२६.० | जम्मा | ८८९२७२९.० |
| | बाँकी | १८२९१९७.० | | |

**वस्तुगत सहायता**

| क्र.सं. | विवरण | आय तर्फ के.जी. | व्यय तर्फ के.जी |
|---|---|---|---|
| १ | चामल | १०४८५ के.जी | ९७८५ के.जी |
| २ | दाल | ३०० के.जी | ३०० के.जी |
| ३ | नून | ३०० पोका | ५५ पोका |
| ४ | तेल | ५५ लिटर | ५५ लिटर |
| ५ | सावुन | २०४ वटा | २०४ वटा |
| ६ | क्लोरिन र ब्लीचिंग पावडर | १२५ के.जी | १२५ के.जी |
| ७ | पि.पि.ई | ४३ थान | ४३ थान |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ८ | मास्क | ५५० पिस | ५५० पिस |
| ९ | बाल्टी/मग | ५/५ थान | ५/५ थान |

*निर्णय नं. ५:*

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७६/०७७ का लागि नगरसभाबाट स्वीकृत नगर स्तरिय योजनाहरुको सन्दर्भमा चालु आ.व. मा सम्पन्न हुन नसक्ने देखिएका साथै विश्वव्यापी माहामारीको रुपमा फैलिएको नोभेल कोरोना भाइरस (कोभिड-१९) को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रीपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ वमोजिम देहायका नगर तथा वडा स्तरीय शीर्षकबाट देहायवमोजिमको रकम रकमान्तर गर्न वडा कार्यालयहरु बाट सिफारिस भै आएकोले उल्लेखित रकम विपद व्यवस्थापन कोषमा (प्रकोप व्यवस्थापन कोष) रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल:

| शीर्षक परिबर्तन गरिएका नगरस्तरीय योजनाहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | योजना क्र.स. | साविक योजनाको नाम र स्थान | विनियोजित वजेट | परिवर्तित योजनाको नाम | रकमान्तरमा विनियोजित वजेट | बाँकी रकम रु. |
| १ | ४२४ | चालु प्रकृतिका विशेष कोष | ५०००००.० | प्रकोप व्यवस्थापन कोष | ५०००००.० | ० |
| २ | ४५० | पदाधिकारी तथा कर्मचारी अध्ययन अवलोकन भ्रमण | १००००००.० | | १००००००.० | ० |
| ३ | ५६१ | सवारी साधन मर्मत | १७०००००.० | | ५०००००.० | १२०००००.० |
| ४ | ५३५ | विविध | ३००००००.० | | ५०००००.० | २५०००००.० |
| ५ | ५१९ | व्यवासायिक कृषकलाई ( ग्लोवस, गमबुट, एप्रोन, कोदाली) वितरण | ३२००००.० | सुपरमेपीयर घासको वेर्ना वितरण | ३२००००.० | शीर्षक परिवर्तन |
| | | जम्मा | ६५२००००.० | | २८२००००.० | ३७०००००.० |

तपसिल:

| शीर्षक परिबर्तन (शीर्षकान्तर) गरिएका वडास्तरीय योजनाहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | योजना क्र.स. | वडा नं. | साविक योजनाको नाम र स्थान | विनियोजित वजेट | परिवर्तित योजनाको नाम | रकमान्तरमा विनियोजित वजेट | बाँकी रकम रु. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | १२ | १ | बौद्धपथ साईडवाल | २०००००.० | खानेपानी पाईप विस्तार | १०००००.० | शीर्षक परिवर्तन |
| २. | ४६ | २ | भैपरी आउने विविध | २९१५०० | प्रकोप व्यवस्थापन कोष | २०५०००.० | ८६५००.० |
| ३. | ५५ | २ | विपद्व्यवस्थापन | १०००००.० | | १०००००.० | |
| ४. | १०३ | ५ | ६ नं. सीमानादेखी वण्डाखोला जाने बाटो ग्रावेल | ५००००.० | प्रकोप व्यवस्थापन कोष | ५००००.० | |
| ५. | १०४ | ५ | अवलोकन भ्रमण पशुपालक कृषक | ८००००.० | | ८००००.० | |
| ६. | ११३ | ५ | पाल्डाङ खेमचोकको अधुरो ग्रावेल सहित बाटो ग्राभेल | १०००००.० | | १०००००.० | |
| ७. | १२५ | ६ | उदघोषण तालिम | २००००.० | प्रकोप व्यवस्थापन कोष | २७००००.० | |
| ८. | १३२ | ६ | गोठ सुधार कार्यक्रम | ५००००.० | | | |
| ९. | १४४ | ६ | वडा खेलकुद सामाग्री वितरण | ५००००.० | | | |
| १०. | १२७ | ६ | कृषि बाटो निर्माण | ६००००.० | | | |
| ११. | १२६ | ६ | कुलो सरसफाई | ४००००.० | | | |
| १२. | १२४ | ६ | इनार मर्मत | २००००.० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३. | १३५ | ६ | तारवार तथा वृक्षारोपण | ३००००.० | | | |
| १४. | १७० | ८ | बालवालिका क्षमता अभिवृद्धि कार्यक्रम | ५००००.० | प्रकोप व्यवस्थापन कोष | १५००००.० | |
| १५. | १७२ | ८ | महिला क्षमता अभिवृद्धि कार्यक्रम | ५००००.० | | | |
| १६. | १७४ | ८ | लागु औषध नियन्त्रण कार्यक्रम | ५००००.० | | | |
| १७. | १९२ | ९ | विपद व्यवस्थापन तथा भैपरी खर्च | १५०७११.० | प्रकोप व्यवस्थापन कोष | १५०७११.० | |
| १८. | २१२ | १० | विविध (कार्यालय संचालन तथा प्रशासनिक खर्च) | ३३४४५०.० | प्रकोप व्यवस्थापन कोष | ५४०००.० | २८०४५०.० |
| १९. | २०० | १० | आखा शिविर संचालन गर्ने | १२००००.० | प्रकोप व्यवस्थापन कोष | ३०००००.० | |
| २०. | २०८ | १० | फलफुलका विरुवा वितरण कार्यक्रम | १८००००.० | | | |
| २१. | २२६ | ११ | भैपरी आउने, | २०००००.० | प्रकोप व्यवस्थापन कोष | २८६८६८ | |
| २२. | २३४ | ११ | स्वास्थ्य शिविर संचालन | ८६८६८.० | | | |
| २३. | २३९ | १२ | खोप क्लिनिक कार्यक्रम औलो रोग नियन्त्रण तथा स्वास्थ्य सम्बन्धी जनचेता | २०००००.० | प्रकोप व्यवस्थापन कोष | १०००००.० | |
| २४. | २४० | १२ | जेष्ठ नागरिक सम्मान भ्रमण तथा साँ स्कृति कार्यक्रम | १५००००.० | | १५००००.० | |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रतियोगिता संचालन | | | | |
| २५. | २६४ | १३ | युवा तथा खेलकुद कार्यक्रम | १०००००.० | प्रकोप व्यवस्थापन कोष | ८००००.० | २००००.० |
| २६. | २६५ | १३ | लक्षित समूह विकास कार्यक्रम | २५००००.० | | २०००००.० | ५००००.० |
| २७. | २७४ | १४ | खलान सुधार एवम निर्माण | १०००००.० | | १०००००.० | |
| २८. | २८१ | १४ | जनचेतना, स्वास्थ्य परिक्षण एवम सामांग्री खरिद वितरण | १५००००.० | | १२५०००.० | २५०००.० |
| २९. | २८८ | १४ | विभिन्न पर्व, उत्सव दिवस समारोह एवम कार्यक्रम | १०००००.० | प्रकोप व्यवस्थापन कोष | ३००००.० | ७००००.० |
| ३०. | २९८ | १४ | सिंचाई मोटर पाईप खरिद तथा जडान धर्मवस्ती | ५००००.० | | ५००००.० | |
| ३१. | २९९ | १४ | सीपमुलक तालिम दलित महिला | १०००००.० | | १०००००.० | |
| ३२. | ३०० | १४ | सिपमुलक तालिम महिला | १०००००.० | | १०००००.० | |
| ३३. | ३४१ | १५ | विविध | ७२००००.० | प्रकोप व्यवस्थापन कोष | ३०००००.० | ४२००००.० |
| ३४. | ३५७ | १६ | वडास्तरीय कृषि भेटेरीनरी सम्बन्धी तालिम | १०००००.० | प्रकोप व्यवस्थापन कोष | ३०००००.० | |
| ३५. | ३६५ | १६ | स्वास्थ्य शिविर संचालन | २०००००.० | | | |
| | | | जम्मा | | | | |

Scanned with CamScanner

*निर्णय नं. ६:*

प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्थानीय तहबाट सञ्चालन तथा व्यवस्थापन हुने आधारभूत तह कक्षा-८ को परिक्षा सञ्चालन भइरहेको अवस्थामा विश्वव्यापी माहामारीको रुपमा फैलिएको नोभेल कोरोना भाइरस (कोभिड-१९) को संक्रमण, रोकथाम र नियन्त्रणको क्रममा परिक्षा सम्पन्न नहुदै बिचैमा स्थगन भएकोले सो परिक्षा नियमित रुपमा हाल संचालन गर्ने परिस्थिति नरहेकोले हाल सम्म सञ्चालनमा आएका विषय (नेपाली, अंग्रेजी, गणित र विज्ञान) को हकमा सोहीनुसार हुन र परीक्षा हुन बाँकी रहेका विषयहरु (सामाजिक अध्ययन र जनसंख्या शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, नैतिक शिक्षा, पेशा व्यवसाय र प्रविधि शिक्षा तथा स्थानीय विषय कम्प्युटर/लेखा) को हकमा विद्यालयबाट सञ्चालन गरिएको Pre-BLE को आन्तरिक मूल्याँकनको प्रप्ताँकलाई आधार मानी प्र.अ.बाट प्रमाणीत गराई उक्त प्राप्ताँक माग गरी नतिजा तयार गरी प्रकाशन गर्न आधारभूत तह कक्षा-८ उतीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

*निर्णय नं. ७:*

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७६/०७७ को बार्षिक कार्यक्रम अर्न्तगत स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम अर्न्तगत विभिन्न आयोजनाहरु संचालन गर्न भनि बजेट विनियोजन भएकोमा हाल उक्त योजना बोलपत्र मार्फत बन्दोबस्त गर्ने क्रममा लागत अनुमान भन्दा न्यून अंक कबोल गरी सबै आयोजनाहरुमा रकम बचत हुन गएको परिप्रेक्षमा ठेकेदारबाट काम सकिएको अवस्था र सो कार्य स्थलमा काम नगरी नहुने अवस्था भएमा उक्त बचत रकम बाट सोही आयोजनाको लागि थप अगाडि विस्तार गर्न बाटो तथा नाली निर्माण कार्य गर्ने भनि सम्बन्धित वडा कार्यालयहरु बाट सिफारिस भै आएकोले बाँकी रकमबाट सोही आयोजनाको थप कार्य विस्तार गर्ने निर्णय गरियो ।

*निर्णय नं. ८:*

प्रस्ताव नं ८ माथी छलफल गर्दा चालु आ.व.२०७६/०७७ मा संघीय सरकार र प्रदेश सरकारको लागत साझेदारीमा सम्पन्न गरिने योजना तर्फ समपुरक कोषमा विनियोजित रकम मध्येबाट कतिपय आयोजना तथा कार्यक्रम छनौट भै संचालन भएकोमा COVID-19 को कारणबाट संघ र प्रदेश सरकारबाट अन्य थप आयोजना तथा कार्यक्रम प्राप्त नहुदा विनियोजित रकम खर्च हुने सम्भावना नरहेकोले सो ठेक्का लागेको काम सकिएको अवस्था र सो कार्य स्थलमा काम नगरी नहुने भएमा समपुरक कोषबाट बाँकी रहेको रकम उपभोक्ता समिति मार्फत कार्य अगाडि बढाउन स्थानीय समूदायबाट प्राप्त मागको आधारमा योजना छनौट गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

*निर्णय नं. ९:*

प्रस्ताव नं ९ माथी छलफल गर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. १२० मिति: २०७५/१२/२१ को पत्र साथ नमूना विद्यालय विकास कार्यक्रम अर्न्तगत विद्यालय भौतिक पूर्वाधार निर्माणमा आ.व. २०७६/०७७ को लागि रु.१,६४,००,०००/-(रुपैया एक करोड चौसठ्ठि लाख मात्र) रकम विनियोजन भै सोही रकमबाट यस नगरपालिकाको वडा नं. ०९ स्थित रहेको श्री राजा माहात्मा पूर्णभद्र मा.वि. लाई नमूना विद्यालय अर्न्तगत रु.१,५०,००,०००/-(रुपैया एक करोड

Scanned with CamScanner

पचास लाख मात्र) अनुदान रकम उक्त विद्यालयको खातामा प्रतिवन्धीत निकासा गर्ने र सो रकम कार्य प्रगति तथा मूल्याँकनको आधारमा रकम फुकुवा गर्दै जाने निर्णय गरियो ।

*निर्णय नं. १०:*

प्रस्ताव नं १० माथी छलफल गर्दा यस नगरपालिका वडा नं. ०२ अर्न्तगत रहेको श्री दिव्य ज्योति मा.वि. चिसापानी नवलपरासी जिल्लाबाट नमूना विद्यालयको रुपमा छनौटमा परि नमूना विद्यालयको लागि सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय प्रदेश नम्वर ५ द्वारा विद्यालय निर्माण साझेदारी सहयोग मा रु.७५,००,०००/- उपलब्ध गराईएकोमा सो रकममा २० प्रतिशतले हुने रकम रु. १५,००,०००/-(रुपैया पन्ध्र लाख मात्र) नगरपालिकाले साझेदारीमा अनुदान उपलब्ध गराउनु पर्ने व्यवस्था भएकोले उक्त रकम साझेदारी कार्यक्रम अर्न्तगत पर्ने भएकोले यस नगरपलिकाको आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश समपुरक कोष (सि.नं. ४५९) बाट समावेश गरी खर्च गर्ने निर्णय गरियो ।

*निर्णय नं. ११:*

प्रस्ताव नं. ११ माथि छलफल गर्दा आ.व. २०७६/०७७ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा विभिन्न वडाहरुबाट सामुदायिक आयोजना छनौट गरी स्वीकृतीको लागि पठाइएकोमा हाल केही आयोजनाहरु कार्यान्वय गर्न स्वीकृत भै आएकोले यस नगरपालिकामा आवेदन दिने व्यक्तिहरुबाट वेरोजगार व्यक्तिहरुको प्राथमिकिकरण गरी निजहरुलाई लाभग्राही परिचयपत्र जारी गरेर मात्र काममा खटाउनु पर्ने प्रावधान वमोजिम कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ वमोजिम वडा समितिबाट छनौट भै आएका देहायका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| वडा नं. | आयोजना तथा कार्यक्रम | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| १. | खानेपानी आयोजनाको निर्माण तथा विस्तार | २००००.० | |
| २. | वडा कार्यालय भवन मर्मत | २००००.० | |
| ३. | सार्वजनिक चौतारी निर्माण | २००००.० | |
| ४. | राजमार्गको उत्तर-दक्षिण बाटोहरुको दाया-वाया वृक्षारोपण | २००००.० | |
| ५. | स्वास्थ्य चौकी परिसरको पूर्ण सरसफाई, मर्मत सम्भार तथा नाला निर्माण | २००००.० | |
| ६. | वडा कार्यालय, शिवमन्दिर वरपर रहेको पोखरी संरक्षण, कम्पाउण्ड-वाल पोखरीमा पर्खाल निर्माण तथा मर्मत सम्भार | २००००.० | |
| ७. | ७ नं. वडा देखी १४ नं. वडा जोड्ने वगिया देखी पूर्नवास बाटो सम्म बाटो मर्मत | २००००.० | |
| ८. | काम सम्पन्न सबै बाटोहरुमा दाया-वाय फलफुलको विरुवा लगाउने । | २००००.० | |
| ९. | काम सम्पन्न सबै बाटोहरुमा दाया-वाय फलफुलको विरुवा लगाउने । | २००००.० | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १०. | अमरदिप टोलको कुलो मर्मत कार्यक्रम | २०००००.० | |
| ११. | शिरोमणी प्रा.वि. परिसरमा शौचालय निर्माण | २०००००.० | |
| १२. | वडा भरीको अधुरो खानेपानी पाईप विस्तार | २०००००.० | |
| १३. | वडाको स्वास्थय चौकी भवन मर्मत सम्भार | २०००००.० | |
| १४. | | ० | |
| १५. | वडा कार्यालय अवस्थित टोलको भित्री कालोपत्रे सडकबाट वडा कार्यालय आउने बाटो ग्राभेल गर्ने । | २०००००.० | |
| १६. | वनदेवी मन्दिरमा पोखरी निर्माण र वाल निर्माण | २०००००.० | |
| | जम्मा रु. | ३००००००.० | |

*निर्णय नं. १२:*

प्रस्ताव नं १२ (क) विविध माथी छलफल गर्दा श्री दिव्य ज्योति बहुमुखी क्याम्पस, बर्दघाट-२ चिसापानीले शैक्षिक पूर्वाधार विकासका लागि आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रमको सि.नं. ५४७ मा स्नातकोत्तर संचालित क्याम्पस भनि रु. १५,००,०००/-(रुपैया पन्ध्र लाख मात्र) रकम विनियोजन भएकोमा सो रकमबाट उक्त क्याम्पसले वि.वि.ए सञ्चालनार्थ कम्प्यूटर खरिद गर्ने भनि प्रस्ताव पेश गरेकोले सोहीनुसार खरिदको लागि प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

*निर्णय नं. १२:*

प्रस्ताव नं १२ (ख) विविध माथी छलफल गर्दा COVID-19 को संक्रमण न्यूनिकरणको लागि भएको बन्दाबन्दी का कारण पशुपालक कृषकहरुलाई पशु आहारको व्यवस्थापन गर्न निकै कठिनाई भएको र अधिकाँश कृषकहरु बाट घाँस विकास गरी ५ वर्ष सम्म नियमित रुपमा कटिंग गरी खुवाउन सकिने साथै पशुपालक कृषकहरुलाई वेर्ना वितरण गर्दा राहत हुने देखिएकोले बहुवर्षिय सुपर नेपीयर जातको घाँसको सेट/स्लीप माग भई आएकोले नगर प्रकोप व्यवस्थापन कोष शीषर्कबाट रु. ३,००,०००/-(रुपैया तीन लाख मात्र) विनियोजन गरी पशु आहारको लागि घाँस विकास कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner